सरकारले यस्ता समाजविरोधीहरू उपर कडा नजर राख्दैछ र उनीहरूले यस किसिमको कारवाई गर्न छाडेनन् भने सरकारले कडा सजाय गर्न बाध्यसमेत हुनेछ। यस किसिमको कारवाईबाट खाद्यान्नको बजारको दरभाउमा के असर पर्छ, सो जनतालाई जाहेरै छ। किसानहरूले पनि यस्ता समाजविरोधीहरूको भनाइमा नलागी आफ्नो आफ्नो तिरो भरो तथा कुत बाली ऐन सवालबमोजिम बुझाउने गर्नू। यसबारे ०८ साल कार्तिक २६ गते नेपाल गजेटमा सूचना-समेत प्रकाशित गरिसकेको छ।

जनतासँग पनि अनुरोध गरिन्छ कि यस्ता गैर कानूनी तरिकाले अन्न अनाज छेकथुन गरी समाजविरोधी कारवाई गर्नेहरूको सूचना सरकार-छेउ पठाउने गर्नुहोला र सरकारलाई सहयोग दिनुहोला।

सेक्रेटरी—

खाद्य तथा भूमिव्यवस्था—मन्त्रालय.

## खाद्यमन्त्रालयको सूचना

०८।८।२७

भारतबाट अथवा अन्यत्र ठाउँबाट नेपालको लागि गहुँको मैदा र गहुँसमेत ल्याई बिक्री वितरण गर्न मनसुबा हुने अनुभवी बेपारीहरूले तपसीलका कुराहरू स्पष्ट खुलाई यस मन्त्रालयमा आजका मितिले २० दिनभित्र लाहाछाप लगाई आवेदनपत्र हुलाकबाट—सेक्रटरी खाद्यमन्त्रालय, सिंहदरबारको नाममा चलाउनू। हुलाकबाट नआएका आवेदनपत्रमा कारवाई गरिनेछैन।

तपसील

१ भारतको कुन ठाउँबाट गहुँको मदा अथवा गहुँ फी. महीना कति ल्याई कुनकुन जिल्लाहरूमा र सदरमा समेत फी. सेर अथवा फी. धार्नी कतिसम्म मोलमा बेच्न सक्नुहुन्छ, सो सबै खुलाउने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

36-B

२- सरकारतर्फबाट यसमा केके कुनकुन सुविधा चाहिने हो र आफ्नो तर्फबाट के कति गर्न सक्नुहुन्छ, सबै खुलाउने ।

३- यसभन्दा बाहेकका अरू केही कुरा भए सो पनि खुलाउनुहोला ।

टिप्पणी :— क आवेदनपत्र लिफामा लेखेको हुनुपर्छ, लिफामा नलेखेको आवेदनपत्रमा मोरु. १ एकको हुलाकको टिकट टाँसेको हुनुपर्छ ।

ख- म्यादभित्र परेको आवेदनपत्रमा मात्र कारवाई हुनेछ ।

सेक्रेटरी — खाद्यमन्त्रालय.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग